# नेपाल राष्ट्र बैंक

**केन्द्रीय कार्यालय**

**बालुवाटार, काठमाडौं**

## प्रेस विज्ञप्ति

गभर्नर डा. युवराज खतिवडा यही श्रावण ६ देखि ९ गतेसम्म रसियाको मस्कोमा आयोजना हुने 6th NRN Regional Conference मा भाग लिन आज त्यसतर्फ प्रस्थान गर्नुभयो । गैरआवासीय नेपाली सञ्जालको सम्बर्द्धन : नेपालको प्रवर्द्धन (Strengthening NRN Network : Promoting Nepal) विषयमा केन्द्रित रहने उक्त सम्मेलनमा गैरआवासीय नेपालीहरूको पूँजी एकीकृत गरी नेपालमा सामूहिक लगानी कोष वा अन्य प्रकृतिको लगानी प्रवर्द्धन गर्ने सम्बन्धमा छलफल हुने छ ।

सो सम्मेलनको क्रममा “नेपालको सम्भावित लगानी प्रवर्द्धनमा गैरआवासीय नेपालीको सहभागिता (Involving NRNs in Promoting Nepal's Investment Potential)" विषयमा हुने दोस्रो Plenary Session को अध्यक्षता गभर्नर डा. खतिवडाले गर्ने कार्यक्रम रहेको छ ।

उहाँ श्रावण १० गते मङ्गलबार स्वदेश फर्कने कार्यक्रम रहेको छ ।

मिति: २०६८।४।५